कञ्चन गाउँपालिका
Kanchan Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
Kanchan-2, Rupandehi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या/Ref No :- ०८२/०८३
चलानी नं./Dispatch No.:- ९४

मितिः२०८२/०४/२०
(ने.सं. ११४५, गुलाथ्व,एकादशी,)

**विषयः जानकारी सम्वन्धमा ।**

श्री सामाजिक विकास मन्त्रालय,
राप्ती उपत्यका (देउखुरी), नेपाल ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको च.नं. ८४१ मितिः२०८२/०२/२८ गतेको पत्र प्राप्त भई बेहोरा अवगत भयो । उक्त पत्रानुसार राष्ट्रिय बाल अधिकार परिषद्को मितिः२०८२/०१/१७ गतेको प्रत्येक वडा, स्थानीय तह र प्रदेशलाई सडक बालबालिका मुक्त बनाउने तथा घोषण गर्ने सम्वन्धी गोरखापत्र दैनिकमा सूचना प्रकाशित भई सो सम्वन्धमा नेपाल सरकार मन्त्रिपरिषद्ले २०८२ साल आषाढ मसान्तसम्म नेपाललाई सडक बालबालिका मुक्त बनाउने घोषणा गरेको र सोही अनुसार स्थानीय तहले २०८२/०२/१५ गते सम्म सडक बालबालिका मुक्त प्रदेश बनाउने तथा घोषणा गर्नुपर्न भएकाले आफ्नो स्थानीय तह तथा वडालाई सडक बालबालिका मुक्त बनाउने तथा घोषण गर्न सम्वन्धमा पत्राचार भई आएको,

गाउँपालिकाको च.नं. १६९२ मिति २०८२/०३/०१ गतेको पत्रानुसार वडा कार्यालयभित्रका टोल/ समुदाय/गाउँवस्ति/ गल्ली तथा सडकको कुनै स्थानमा सडकमा बस्ने बालबालिका भए नभएको एकिन गर्नका लागि ७ (सात) दिने सार्वजनिक सूचना टाँस गरी खोजतलास तथा अनुगमनका क्रममा सडकमा बस्ने बालबालिका फेला परे/ नपरेमा वडाको निर्णय समेतका आधारमा सडक बालबालिका मुक्त वडा घोषणाका लागि पत्राचार भई आएको,

वडा नं.१ को च.नं. २१६३ मिति २०८२/०३/१८, वडा नं. २ को च.नं. १९३८ मिति २०८२/०३/२४, वडा नं.३ को च.नं. २९२६ मिति २०८२/०३/१९, वडा नं.४ को च.नं. २९४६ मिति २०८२/०३/२३ र वडानं.५ को च.नं. २३४२ मिति २०८२/०३/२३ गतेको पत्रबाट सडक बालबालिका मुक्त वडा घोषणा भई आएकोले सडक बालबालिका मुक्त वडा, स्थानीय तह र प्रदेश घोषणा सम्वन्धी कार्यविधिको दफा २ को उपदफा ५ बमोजिम सोही कार्यविधिको दफा ३(१) को व्यवस्था र प्रयोजनार्थ कञ्चन गाउँपालिकालाई सडक बालबालिका मुक्त पालिका घोषण गर्ने भनि मिति २०८२/०४/१६ गते गाउँपालिका अध्यक्ष श्री नवराज ढकालको अध्यक्षतामा बसेको गाउँकार्यापालिकाको दोस्रो बैठकको निर्णय नं. २.१ बाट निर्णय भई आएको हुँदा जानकारीका लागि अनुरोध छ । साथै गाउँकार्यापालिकाको निर्णयको छाँया प्रति १ (एक) पाना संख्या २ (दुई) यसै साथ संलग्न राखी पठाइएको बेहोरा अनुरोध छ ।

............
(माधव प्रसाद पोखेल)
प्रमुख प्रशासकीय अधिकृत

माधव प्रसाद पोखेल
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री राष्ट्रिय बाल अधिकार परिषद्, श्रीमल पुलचोक, ललितपुर ।
श्री वडा कार्यालयहरु (१-५) सबै, कञ्चन गाउँपालिका,रुपन्देही ।

**कार्यार्थः**

श्री सूचना प्रविधि ईकाई, कञ्चन गाउँपालिका,रुपन्देहीः सम्वन्धित निकायको email ठेगानामा पठाउनुहुन, साथै गाउँपालिकाको Website र Facebook pageमा समेत अपलोड गर्नुहुन ।